# स्थानीय राजपत्र

**पालुङटार नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ०९) पालुङटार, भाद्र २० गते, २०८२ साल (संख्या ५**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०५।२०

**प्रस्तावना** : नगरपालिकाभित्र यातायात सेवालाई सहज बनाउन, तीन पाङ्ग्रे सवारी साधनलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले सोको सूचीकरण, नवीकरण र रुट इजाजत पत्रको समुचित व्यवस्थापन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) (ट) र पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "उपप्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले पालुङटार नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले "तीन पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय प्रमुख सम्झनु पर्दछ ।

(छ) "शाखा" भन्नाले तीन पाङ्ग्रे सवारी साधन सूचीकरणको लागि तोकिएको शाखा सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्दछ ।

(झ) "सवारी साधन" भन्नाले विद्युत, ग्याँस, डिजल, पेट्रोल वा अन्य जुनसुकै इन्धन/उर्जाबाट चल्ने तीन पाङ्ग्रे सवारी साधनलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## सवारी साधन सञ्चालनको लागि अनुमति प्रक्रिया

३. **अनुमति प्रक्रिया :** (१) नगरपालिका क्षेत्रभित्र यस कायविधि बमोजिम अनुमतिपत्र नलिई कोही कसैले सवारी साधन सञ्चालन गर्न पाईने छैन ।

(२) सवारी साधन सवारी ऐन/नियम बमोजिम यातायात व्यवस्था कार्यलयमा नियमानुसार दर्ता एंव नवीकरण भइ नगरपालिका क्षेत्रभित्र सवारी साधन सञ्चालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामा अनुमतिको लागि आवश्यक कागजात साथ सूचीकरणका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवदेन उपर आवश्यक कारबाहीको लागि सम्बन्धित शाखाले जाँचबुझ गरी समिति समक्ष पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम शाखाले जाँचबुझ गरी दिएको प्रतिवेदन सवारी साधन सञ्चालनको लागि सूचीकरण गरी अनुमति दिन मनासिव देखिएमा समितिले सञ्चालन अनुमतिको लागि रुट इजाजत पत्र दिन नगरपालिकालाई सिफारिस गर्नेछ ।

४. **रुट निर्धारण :** नगरपालिकाभित्र सडकको अवस्था, आवश्यकता, औचित्यता, सर्वसाधारणको यातायात सुविधा जस्ता विषयका आधारमा समितिको सिफारिसमा कार्यपालिकाले रुट निर्धारण गर्नेछ । नगरपालिका क्षेत्रभित्र कार्यपालिकाले निर्धारण गरेको रुटमा मात्र इजाजत पत्र लिएर सवारी साधन सञ्चालन गर्नु पर्नेछ । रुट इजाजत पत्र प्रत्येक सवारी साधनले अनिवार्य रुपमा बोक्नु पर्नेछ ।

५. **आवश्यक कागजातहरु पेश गर्नुपर्ने :** सवारी साधन सञ्चालन अनुमतिका लागि निवेदन साथ देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :-

(क) नगरपालिकाबाट तोकिएको ढाँचामा निवेदन,

(ख) सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिप,

(ग) सवारी धनी दर्ता प्रमाण (ब्लु बुक) को प्रतिलिपि,

(घ) सवारी साधन चालकको अनुमतिपत्र (लाइसेन्स),

(ङ) सवारी जाँचपास प्रमाण पत्र,

(च) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि/PAN वा VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(छ) तेस्रो पक्ष बिमा र यात्रु बिमा गरेको कागजातको प्रतिलिपि,

(ज) सवारी कर तिरेको रसिद,

(झ) वित्तीय संस्थाको नाममा दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, कर चुक्ता र व्यक्ति भए नागरिकताको प्रमाणपत्र ।

६. **रुट इजाजत पत्र :** (१) नगरपालिकाले माथिका दफाहरुमा भएको व्यवस्था बमोजिम सवारी साधनको सूचीकरण तथा नवीकरण गरी अनुसूची २ बमोजिमको ढाँचामा ६ महिनाको लागि रुट इजाजतपत्र उपलब्ध गराउन सक्नेछ । रुट इजाजत पत्रको लागि सम्बन्धित व्यक्तिले आर्थिक ऐनमा तोकिए बमोजिमको इजाजत दस्तुर तिर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सवारी धनीले रुट इजाजत परिवर्तन गर्न चाहेमा समितिले जाँचबुझ गरी दिएको प्रतिवेदनको आधारमा नगरपालिकाले तोकेको दस्तुर बुझाई जुनसुकै बखत परिवर्तन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

७. **नवीकरण :** नगरपालिकाबाट अनुमति प्राप्त भई सञ्चालनमा आएका सवारी साधनले वार्षिक रुपमा नगरपालिकाको आर्थिक ऐनमा तोकेको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ । यसरी नवीकरण गर्दा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :

(क) निवेदन,

(ख) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नवीकरण गर्दा बुझाएको रसिदको प्रतिलिपि ,

(ग) सवारी कर तिरेको रसिदको प्रतिलिपि,

(घ) सवारी जाँचपास प्रमाण पत्र,

(ङ) बिमा कागजातको प्रतिलिपि,

(च) सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।

## परिच्छेद ३
## समिति सम्बन्धी व्यवस्था

**८. सवारी साधन सञ्चालन तथा व्यवस्थापन समिति :** (१) नगरपालिका भित्र सवारी साधन सञ्चालनलाई व्यवस्थित गर्न नगरपालिकामा देहाय बमोजिमको सवारी साधन सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) पूर्वाधार विकास समितिका संयोजक | - अध्यक्ष |
| (ख) कार्यपालिका सदस्य मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १ जना महिला सहित २ जना | - सदस्य |
| (ग) इलाका प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| (घ) भौतिक पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| (ङ) नगर प्रहरी प्रमुख | - सदस्य |
| (च) प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**९.समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका क्षेत्रभित्र सवारी साधन सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक सुझाव गर्ने,

(ख) सवारी साधन छुट्ने स्थान तोक्ने,

(ग) सवारी साधन सञ्चालन हुने रुट र दुरी अनुसार भाडा दर निर्धारण गरी कार्यपालिकामा पेश गर्ने,

(घ) रुट निर्धारण गरी अनुमोदनको लागि कार्यपालिकामा पेश गर्ने,

(ङ) नगरपालिकाको आवश्यकता अनुसार सवारी साधन सञ्चालनको लागि संख्या तोकि कार्यपालिकालाई सिफारिस गर्ने,

(च) सवारी साधन सञ्चालन सम्बन्धी विवाद समाधान गर्न आवश्यक सहजीकरण गर्ने,

(छ) दफा (६) बमोजिम सवारी साधन सञ्चालनका लागि इजाजतपत्र प्राप्त गर्नको लागि सिफारिस गर्ने,

(ज) रुट इजाजत परिवर्तन गर्न चाहने सवारी धनीलाई खण्ड (छ) बमोजिम आवश्यक जाँचबुझ गरी प्रतिवेदन दिने,

(झ) कार्यविधिमा भएको व्यवस्था पालना नगर्ने वा पटक पटक उल्लघन गर्ने सवारी साधनको रुट इजाजत खारेजीको लागि सिफारिस गर्ने ।

## परिच्छेद ४

## सवारी चालकले पालना गर्नुपर्ने आधारभूत नियम

**१०. सवारी चालकले पालना गर्नुपर्ने नियमहरु :** प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रुपमा पालना गर्नु पर्नेछ :

(क) चालक अनुमति पत्र, ब्लु बुक प्रमाण पत्र, रुट इजाजतपत्र, बिमा गरेको प्रमाण साथमा लिई मात्र सवारी साधन चलाउनु पर्नेछ ।

(ख) ब्लु बुकमा तोकिएको यात्रु संख्या वा सो भन्दा कम मात्र यात्रु राख्नु पर्नेछ ।

(ग) तोकिएको भन्दा बढी भाडादर लिन पाइने छैन । सवारी साधनमा भाडादर यात्रुले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

(घ) सवारी साधनको नम्बर प्लेट, रुट नं. र स्थान देखिने गरी प्रष्ट राख्नु पर्नेछ ।

(ङ) सडक अनुशासनको पूर्ण पालना गर्नु पर्नेछ ।

(च) सवारी साधनको अगाडीको दायाँबायाँ भागमा यात्रु तथा मालसामान राख्न पाइने छैन् ।

(छ) सवारी साधनको बाहिरी भागमा यात्रु राख्न र सामान झुण्डयाउन पाइने छैन ।

(ज) यात्रुहरुसँग सरल र नम्र व्यवहार गर्नु पर्नेछ ।

(झ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ्ग गर्ने आदि कार्य गर्न पाइने छैन ।

(ञ) मादक पदार्थ तथा लागूऔषध सेवन गरी सवारी साधन चलाउन पाइने छैन । साथै प्रतिबन्धित मालसामान तथा चिज वस्तु ओसार पोसार गर्न समेत पाइने छैन ।

(ट) सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु ओराल्ने र चढाउने गर्नु पर्नेछ ।

(ठ) सम्बन्धित यातायात व्यवस्था कार्यालयको अनुमति लिएर मात्र सवारी साधनको स्वरुप परिवर्तन गर्न पाइनेछ ।

(ड) सवारी साधन चलाउँदा मोवाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगित बजाएर सवारी साधन चलाउन पाइने छैन् । सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनु पर्नेछ ।

(ढ) सवारी साधनको यान्त्रिक अवस्था ठिक भए नभएको प्रत्येक ६-६ महिनामा सवारी चेकजाँच गरेर मात्र सवारी साधन चलाउनु पर्नेछ ।

(ण) माथि उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुनमा व्यवस्था भए बमोजिम सवारी चालकले पालना गर्नु पर्नेछ ।

**११. यात्रु सुरक्षा** : यात्रुको सुरक्षाको लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछ ।

(१) सवारी साधनको बायाँ तर्फबाट मात्र यात्रु चढ्ने र झर्न मिल्ने बनाउनु पर्नेछ ।

(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

(३) यात्रुहरुले यात्राको समयमा जथाभावि फोहोर नफाल्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

(४) सवारी साधनमा साउण्ड सिस्टम राख्न पाईने छैन ।

(५) माथि उल्लेख भएका बाहेक प्रचलित सवारी ऐन तथा कानुन बमोजिम यात्रुको सुरक्षा सम्बन्धी व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ५
## जरिवाना सम्बन्धी व्यवस्था

**१२. जरिवाना सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिम रुट अनुमति नलिई सवारी साधन सञ्चालन गरेमा प्रथम पटक रु ३०००।-, दोस्रो पटक रु ५०००।-, तेस्रो पटक रु ७०००।- जरिवाना हुनेछ । चोथौ पटक पनि सोही कसूर गरेमा रुट इजाजत खारेज गरिनेछ ।

(२) समितिबाट निर्धारण भएको भाडा दर भन्दा बढी भाडा लिएको प्रमाणित भएमा प्रथम पटक रु १०००।-, दोस्रो पटक रु २०००।-, तेस्रो पटक रु ३०००।- जरिवाना हुनेछ । चौथो पटक पनि सोही कसूर गरेमा रुट इजाजत खारेज गरिनेछ ।

(३) सवारीले प्रचलित कानूनले तोके बमोजिमका दुर्घटना बिमा, तेस्रो पक्ष बिमा आदि बिमा नगराई वा नगरपालिकाबाट इजाजत नलिएको सवारी साधन भए पटके शुल्क नबुझाई सवारी साधन चलाएको खण्डमा प्रथम पटक रु ३,०००।-, दोस्रो पटक रु ४,०००।-, तेस्रो पटक रु ५,०००।- जरिवाना हुनेछ । चौथो पटक पनि सोही कसूर गरेमा रुट इजाजत खारेज गरिनेछ ।

(४) यस दफा बमोजिम कसूर भए नभएको विषयमा नेपाल प्रहरीले नियमित चेक जाँच गर्नेछ । कसूर भएको पाइएमा सवारी साधन नियन्त्रणमा लिई जरिवानाको लागि नगरपालिकामा लेखि पठाउनु पर्नेछ । जरिवाना वापत असूल भएको रकमको २५ प्रतिशत रकम सम्बन्धित प्रहरी कर्मचारीलाई पूरस्कार स्वरुप प्रदान गर्न सकिनेछ ।

(५) तपशिल बमोजिमको कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियामानुसार जरिवाना गर्नेछ :-

(क) ट्राफिक संकेत वा इशारा उल्लघन गरी सवारी चलाएमा,

(ख) पाकिङ्ग निषेध गरिएको ठाउँ वा समयमा पाकिङ्ग गरेमा,

(ग) सवारी मोड्न वा ध्वनि संकेत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि संकेत दिएमा,

(घ) गलत साइडतर्फ सवारी साधन चलाएमा,

(ङ) एकतर्फी सडकमा सो विपरीत सवारी साधन चलाएमा,

(च) अवस्था ठीक नभएको सवारी साधन चलाएमा,

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी साधन चलाएमा,

(ज) मादक पदार्थ सेवन गरी सवारी साधन चलाएमा,

(झ) नम्बर प्लेट नराखी सवारी साधन चलाएमा,

(ञ) ब्लु बुकमा तोकिएको यात्रु संख्या भन्दा बढी यात्रु राखी सवारी साधन चलाएमा,

(ट) लापरवाही साथ सवारी साधन चलाएमा,

(ठ) चालक अनुमतिपत्र साथमा नराखी सवारी साधन चलाएमा,

(ड) प्रचलित कानुनमा उल्लेख भएका अन्य व्यवस्थाहरुको उल्लघन गरेमा ।

## परिच्छेद ६
## विविध

**१३. भाडा दर** : (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनको भाडादर समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) भाडादर समयानुकुल परिवर्तन गर्नुपर्ने भएमा समितिले परिवर्तन गर्न सक्नेछ । तर सामान्यता एक आर्थिक वर्षमा एक पटक मात्र भाडादर निर्धारण गर्नु पर्नेछ ।

**१४. पटके शुल्क सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले प्रदान गरेको रुट इजाजत भन्दा बाहिर रुट स्वीकृत भएको अन्य ठाउँमा सवारी चलाउनु पर्ने भएमा समितिले निर्धारण गरे बमोजिम पटके शुल्क तिर्नु पर्नेछ ।

(२) अन्य स्थानीय तहमा सञ्चालन गर्ने अनुमति पाएको सवारी साधन नगरपालिकाभित्र तोकिएको क्षेत्र भन्दा बाहिर सम्म यात्रु ओसार पोसार गर्ने भएमा दैनिक पटके शुल्क बुझाउनु पर्नेछ ।

**१५. अनुगमन :** यस कार्यविधि बमोजिम सवारी साधन सञ्चालन भए नभएको विषयमा अनुगमन, निरीक्षण र कारबाही गर्ने दायित्व नेपाल प्रहरी (ट्राफिक) र नगर प्रहरीको समेत हुनेछ ।

**१६. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको हकमा यसै बमोजिम र नलेखिएको विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१७. बचाउ :** यस अघि कार्यपालिकाले निर्णय गरी सञ्चालनको लागि रुट अनुमति दिइएका सवारी साधनले यस कार्यविधिमा व्यवस्था भएको प्रक्रिया पुरा गरी पुनः अनुमति लिनु पर्नेछ ।

## अनुसूची १
## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
## निवेदनको ढाँचा

श्री……………………….
पालुङटार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
पालुङटार, गोरखा ।

विषयः **सवारी साधन सूचीकृत गरी पाँऊ** ।

उपरोक्त सम्बन्धमा मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन त्यस नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्न देहायका विवरण संलग्न गरी रु ……….को राजश्व दाखिला भौचरको प्रतिलिपि संलग्न गरी यो निवेदन पेश गरेको छ,/छौ ।

**तपशिल**

१. सवारी धनीको नाम :
२. सवारी साधन नम्बर :
३. इन्जिन नम्बर :
४. च्यासिस नम्बर :

**संलग्न कागजातहरु :**

(क) नगरपालिकाबाट तोकिएको ढाँचामा निवेदन,
(ख) सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिप,
(ग) सवारी धनी दर्ता प्रमाण (ब्लु बुक) को प्रतिलिपि,
(घ) सवारी साधन चालकको अनुमतिपत्र (लाइसेन्स),
(ङ) सवारी जाँचपास प्रमाण पत्र,
(च) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि/PAN वा VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(छ) तेस्रो पक्ष बिमा र यात्रु बिमा गरेको कागजातको प्रतिलिपि,
(ज) सवारी कर तिरेको रसिद,
(झ) वित्तीय संस्थाको नाममा दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाण पत्र, कर चुक्ता र व्यक्ति भए नागरिकताको प्रमाणपत्र ।

**निवेदकको**
**दस्तखत :**
**नाम, थर :**
**सम्पर्क नम्बर :**
**मिति :**

## अनुसूची २
**(दफा ६को उपदफा (१) सँग सम्बन्धित)**
**रुट परमिटको ढाँचा**

पालुङटार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
पालुङटार, गोरखा ।

**रुट इजाजत पत्र**

इजाजत पत्र दिने अधिकारी:
नाम :
दर्ता :
दस्तखत :
मिति :

इजाजत पत्र नम्बर :

सेवाको किसिम :

सवारी धनीको नाम :

ठेगाना :

सवारी धनीको हस्ताक्षर :

सवारीको किसिम :

क्षमता :

सवारी नम्बर :

च्यासिस नम्बर :

च्यासिस लम्बाई :

इन्जिन नम्बर :

मोडेल :

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगाना :

वडी तयार गर्ने कारखानको नाम र ठेगाना :

| क.सं | इजाजत पत्र पाएको क्षेत्र (रुट) | बहाल अवधि | इजाजत पत्र दिने अधिकारीको दस्तखत र मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,
कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत